# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २९ गते २०२१ साल


### नेपाल राष्ट्रबैङ्कको

### सूचना

विदेशी विनिमय ( नियमित गर्ने ) ऐन, २०१९ को दफा ५ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्रबैंकले उक्त ऐन लागू भएका क्षेत्रहरूबाट नेपाल अधिराज्य बाहिर मुद्रा निकासी गर्ने सम्बन्धमा निम्नलिखित इजाजत प्रदान गरेको सूचना प्रकाशित गरेको छः–

(क) नेपाली र भारतीय नागरिकहरूले नेपाल अधिराज्यबाट भारतमा सुन चांदी वा मिश्रित चांदीको नेपाली सिक्काहरू बाहेक अन्य नेपाली र भारतीय सिक्का, करेन्सी नोट र बैंकनोट असीमित मात्रामा लैजान वा पठाउन सक्नेछन्,

(ख) विदेशी विनिमयमा सटही कारोबार गर्न इजाजत प्राप्त व्यक्तिबाट स्वीकृत तरीकाबाट दिइएको विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान पाइने छ,

(ग) नेपाल अधिराज्यमा साधारणतया बसोबास नभएका व्यक्तिहरूले नेपाल अधिराज्यमा आफू आउँदा ल्याएको विदेशी मुद्राको रकममा नबढाइकन विदेशी मुद्रा नेपाल अधिराज्य–बाट बाहिर लैजान पाउने छन् तर यस्ता व्यक्तिहरूले नेपाल अधिराज्यमा आउँदा नेपाल राष्ट्रबैंकले तोकिदिए बमोजिमको प्रज्ञापनपत्रमा आफूसंग ल्याएको विदेशी मुद्राको जम्मा रकम भन्सार अड्डाका अधिकारीहरू समक्ष घोषित गरेको हुनुपर्छ।

लक्ष्मीनाथ गौतम

गभर्नर

नेपाल राष्ट्रबैंक



श्री ५ को सरकारको छापखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।